# कुश्मा नगरपालिकाको विनियोजन विधेयक २०७६

कुश्मा नगरपालिकाको आर्थिक बर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

नगर सभा बाट स्वीकृत मितिः २०७६/...../......

प्रस्तावनाः कुश्मा नगरपालिकाको आर्थिक बर्ष २०७६/०७७को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम कुश्मा नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "कुश्मा नगरपालिकाको विनियोजन विधेयक, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७६/०७७को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०७६/०७७को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ८१,६५,५१,०००।– (अक्षेरुपी ८१ करोड ६५ लाख ५१ हजार रुपैया) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः** (१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६/०७७को निमित्त कुश्मा नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसुची १

## आ.व. २०७६/०७७मा विनियोजित वजेटको विवरण

आय तर्फः

| सि.नं. | शिर्षक | रकम रु. (हजारमा) |
|---|---|---|
| १ | नेपाल सरकार वित्तिय समानिकरण | १३४३०० |
| २ | अनुमानित आन्तरिकआय | ३३००० |
| ३ | अन्य विविध आय (ऋण तथा अन्य श्रोत) | ३२५०० |
| ४ | नेपाल सरकार राजश्व वाँडफाँड | ९३२०० |
| ५ | गण्डकी प्रदेश सरकार समानिकरण अनुदान | १२५३३ |
| ६ | गण्डकीप्रदेश सरकार राजश्व वाँडफाँड | ८२१८ |
| ७ | नेपाल सरकार सशर्त अनुदान | ३३२८०० |
| ८ | गण्डकी प्रदेश सरकार सशर्त अनुदान | १०००० |
| ९ | नेपाल सरकार सामाजिक सुरक्षा | १६०००० |
| **जम्मा** | | **८१६५५१** |

ब्यय तर्फः

| क्र.सं. | शिर्षक | रकम रु. (हजारमा) |
|---|---|---|
| १ | प्रशासनिक खर्च | ११५००० |
| २ | पूर्वाधार विकास | ९५६०० |
| ३ | विविध पूर्वाधार | ७००० |
| ४ | DPR लगाएत पूँजिगत खर्च | ७०५१ |
| ५ | सामाजिक विकास | २२००० |
| ६ | आर्थिक विकास | १४६०० |
| ७ | सुशासन तथा संस्थागत विकास तथा सेवा प्रवाह | २०००० |
| ८ | वन वातावरण तथा विपद ब्यवस्थापन | ५००० |
| ९ | समपुरक कोष | १७५०० |
| १० | भैपरी आउने पुंजीगत खर्च | १०००० |
| ११ | सामाजिक सुरक्षा तोकिए वमोजिम खर्च | १६०००० |
| १२ | नेपाल सरकार सशर्त अनुदान तोकिए वमोजिम खर्च | ३३२८०० |
| १३ | गण्डकी प्रदेश सरकार सशर्त अनुदान तोकिए वमोजिम खर्च | १०००० |
| **जम्मा** | | **८१६५५१** |